परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

4th Anniversary

वर्ष : ४ अंक : ४९ पृष्ठ ४ २०८२ मंसिर २४ गते, बुधबार 10 December, 2025 मूल्य रु. ५/–

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## जनता साहित्यिक मञ्च गौरीडाँडाको १८औं साहित्यिक शृङ्खला सम्पन्न

● टक नेपाल

जनता साहित्यिक मञ्च गौरीडाँडाको १८औं नियमित साहित्यिक शृङ्खला सोमबार सम्पन्न भएको छ। मञ्चका अध्यक्ष प्राची सुवेदीको अध्यक्षता तथा जनता माध्यमिक विद्यालय गौरीडाँडाका प्रधानाध्यापक रामदयाल महतो को प्रमुख आतिथ्यमा कार्यक्रम आयोजना गरिएको हो । शृङ्खला मञ्चको माथिल्लो सदनको आयोजनामा सम्पन्न भएको थियो।

कार्यक्रमको सञ्चालन मञ्चकी उपाध्यक्ष विद्या साहले गरेकी थिइन् भने स्वागत मन्तव्य मञ्चकी सचिव दिलिसा कार्कीले व्यक्त गरिन्।




शुभकामना मन्तव्य दिने अतिथिहरूमा प्रशिक्षक सौरभ शर्मा, रामचन्द्र पौडेल, सहायक प्रधानाध्यापक सरिता कार्की र प्रधानाध्यापक रामसकल महतो रहेका थिए। कार्यक्रममा विभिन्न लयका कविता वाचन गरिएको थियो। कविता वाचन गने स्रष्टाहरूमा कृष्ण पौडेल, लेखनाथ श्रेष्ठ, रितु गिरी, कृति महत, होमबहादुर कार्की, स्वेच्छा महतो, रितिशा अर्याल, जिज्ञासा बैजु, सुजिना लगायत थिए। कक्षा ११, १२ तथा डिप्लोमा तहका विद्यार्थीहरूको बाक्लो उपस्थिति रहेको कार्यक्रममा खेलकुद प्रशिक्षक टेकबहादुर स्याङ्बा पनि अतिथिका रूपमा सहभागी थिए।

कार्यक्रममा बोल्ने प्रमुख तथा विशिष्ट अतिथिहरूले विद्यार्थीहरूको चौतर्फी ज्ञान विकासमा साहित्यको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै साहित्यिक मञ्चले विद्यार्थीलाई साहित्यतर्फ आकर्षित गर्न प्रेरणा दिएको धारणा राखे। आगामी दिनमा थप विद्यार्थीलाई समेट्दै साहित्यिक उन्नयनका लागि निरन्तर अघि बढ्नुपर्नेमा उनीहरूको जोड थियो।

कार्यक्रमको अन्त्यमा सभाध्यक्ष प्राची सुवेदीले १८औं शृङ्खलामा सहभागी प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथि तथा उपस्थित सबैलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनमा समेत यस्तै सहयोग र सहभागिताको अपेक्षा व्यक्त गरिन्। कार्यक्रम सोही मन्तव्यसँगै समापन भयो।

## धनुषाधाममा 'रामायण वाटिका' निर्माण हुँदै



● टक नेपाल

धनुषाधाममा 'रामायण बाटिका' को निर्माण कार्य सुरू भएको छ।

बहुप्रतिक्षित रामायण बाटिकालाई धार्मिक र सांस्कृतिक पर्यटनको प्रमुख केन्द्र बनाउने योजना अन्तर्गत यसको विकासमा मधेश सरकारले तीव्रता दिएका छन्। रामायणकालीन अवशेषहरू जीवन्त रहेको जनविश्वास रहेको यस पवित्रस्थलभित्र रामायण बाटिका निर्माण गर्ने प्रदेश सरकारको योजना रहेको छ । रामायण वाटिकाका लागि प्रदेश सरकारले तत्काल १० लाख रूपैयाँ खर्चेर तीन विघामा घेराबेरा लगाउने काम गरेको छ भने रूख र बोटबिरूवाको उद्यान मात्र नभइ धर्म, संस्कृति, पर्यावरण र समृद्धिको समिश्रणको रूपमा रहेको यस भित्र रामायणकालीन झझल्को दिने संरचनाहरू निर्माण कार्य शुरु गरिएको छ।

प्राचिन मिथिला र हाल मधेश प्रदेशको राजधानी जनकपुरधामदेखि २२ किलोमिटर उत्तरतर्फ धनुषाधाम संरक्षित वन अवस्थित रहेको छ। जैविक विविधताले भरिपुर्ण ३ सय ६५ हेक्टरमा फैलिएको यस धार्मिक महत्वका वन जंगल भित्र करिब १८ फिट गोलाइ भएको एक विशाल सालको रूख। प्राकृतिक र सांस्कृतिक विशेषताले भरिपूर्ण धनुष आकारमा देखिएको सालको यस रूखलाई मधेश प्रदेश सरकारले धनुष सखुवा नामाकरण गरेको छ।

रामायणमा वर्णन गरिएअनुसार सीताको विवाह हुनु पुर्व मिथिलाका राजा जनकले सर्तसहित राखेको धनुषलाई अयोध्या नरेश दशरथका जेष्ठ पुत्र रामले उचालेर पारेको तीन मध्ये एक टुक्रा त्यहाँ खसेको थियो। धार्मिक र सांस्कृतिक मिथिला नगरीको जानकी मन्दिर, सीता स्वयम्बर स्थल मणिमण्डप लगायतका मठ-मन्दिरमा पुजा दर्शनका लागि आउने श्रद्धालुहरू त्यहाँ पनि अनिवार्य रूपमा जाने गर्छन।

धनुषाधामको पौराणिक महत्त्वलाई आधार बनाएर सुरू भएको यो सरकारी परियोजना केवल धार्मिक पर्यटनमै सीमित नभई मिथिलाका प्रकृति, संस्कार र मौलिक जीवनशैलीलाई समेत उजागर गर्नेछ। धनुषाधाममा निर्माण हुन लागेको बाटिकाले मुर्तरूप लिन सके नेपालको धार्मिक पर्यटनमा कोशेढुगां सावित हुने प्रदेश सरकारको दाबी छ।

## अन्तराष्ट्रिय मानव अधिकार दिवस जनकपुरधामा मनाइने

● टक नेपाल

नेपाल बार एशोसिएशन जनकपुरधामले विभिन्न कार्यक्रम गरी अन्तराष्ट्रिय मानव अधिकार दिवस मनाउने भएको छ । सोमबार जनकपुरधाममा पत्रकार सम्मेलन आयोजना गरी नेपाल बार एशोसिएसन जनकपुरधाम, धनुषाले यस वर्ष विभिन्न कार्यक्रमहरु गरी अन्तराष्ट्रिय मानव अधिकार दिवस मनाउने जानकारी दिएका छन् । एशोसिएसन धनुषाका अध्यक्ष बिमल कुमार मिश्रका अनुसार मंसिर २४ गत्ते बुधबारको दिन जनकपुरधाममा प्रभात फेरि गरिने कार्यक्रम रहेको छ। उक्त प्रभात फेरि कार्यक्रममा देशभरिका कानुन व्यवसायीहरुको उपस्थिती रह्ने उनले जानकारी दिए। सो लगत्तै जनकपुरधामस्थित महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्रमा थप कार्यक्रमहरु हुने उनले बताए। उक्त कार्यक्रमको उद्घाटन नेपालका प्रधान न्यायाधीश प्रकाशमान सिंह राउतले गने अध्यक्ष मिश्रले जानकारी दिए। एशोसिएसनले दुई दिनसम्म अन्तरक्रिया, गोष्ठि लगायतका विभिन्न कार्यक्रम गर्ने अध्यक्ष मिश्रले बताए। उनले सम्पूर्ण धनुषावासीलाई जनकपुरधाममा आउने कानुन व्यवसायी तथा अतिथीहरुको



स्वागत तथा व्यवस्थापन गरिदिन आग्रहसमेत गरेका छन्।






टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

**सम्पादकीय**

## हरेक आयोजना भ्रष्टाचारमा परे पछि देश कसरी उँभो लाग्छ ?

हरेक विकास आयोजनासँगै राज्यले सकारात्मक अनुभव प्राप्त गर्नुपने हो, राष्ट्रिय आत्मबल अभिवृद्धि हुनुपर्ने हो। हामीकहाँ भने विकास आयोजनाले भ्रष्टाचारका कथाव्यथा कोरल्ने गरेका छन्।

हरेक ठूला आयोजनासँगै केही थान मन्त्री तथा उच्च तहका कर्मचारी भ्रष्टाचारीका रूपमा चिनिने गरेका छन्। परिणामतः ठूला विकास आयोजना राष्ट्रिय गौरव र प्रतिष्ठा होइन, बदनामीको पर्याय भइरहेका छन्। यसै सिलसिलामा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका क्रममा भ्रष्टाचार भएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आइतबार ५ पूर्वमन्त्री, ९ पूर्वसचिव र सवोच्च अदालतका पूर्वरजिस्ट्रारसहित ५६ विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। एउटा विकास आयोजनामा यति धेरै मन्त्रीसहितका अधिकारीलाई भ्रष्टाचारको आरोपमा मुद्दा दायर भएपछि समाज बेचैन भएको छ। वैदेशिक ऋण काढेर अर्बौं लागतमा निर्माण गरिएको आयोजना उद्घाटनको तीन वर्षसम्म पनि व्यावसायिक रूपमा सञ्चालन हुन नसकेको पृष्ठभूमिमा भ्रष्टाचारको आकार र आरोपितको जुन विवरण अख्तियारले सार्वजनिक गरेको छ, त्यो असाध्यै चिन्ताजनक छ। यसबाट भ्रष्टाचारविरुद्धको हाम्रो लडाइँ अझै व्यवस्थित र दृढ बनाउनुपर्ने आवश्यकताको बोध हुन्छ। राष्ट्रिय गौरवको आयोजनामा राखेर २४ अर्ब ५८ करोड रुपैयाँ लागतमा तयार गरिएको पोखरा विमानस्थल निर्माणमा सरकारलाई ८ अर्बभन्दा बढी हानिनोक्सानी पुऱ्याएको दाबीसहित मुद्दा दायर गरिएको छ। पोखराजस्तै अन्य कैयौं ठूला आयोजनामा पनि भ्रष्टाचारबाट ग्रसित भएका छन्। ३० अर्ब लागतको गौतम बुद्ध विमानस्थल निर्माण क्रममा मुआब्जा वितरण र निर्माणमा मिलेमतो गरी अनियमितता गरेको आरोप छ। भक्तपुरको नलिनचोकमा हेलिपोर्ट बनाउँदा भ्रष्टाचार गरेको अभियोगमा अख्तियारले बुधबार मात्रै नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीसहित ६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। त्यस्तै, राष्ट्रिय गौरवको आयोजनाअन्तर्गत सिक्टा सिँचाइ आयोजना निर्माणमा पनि भ्रष्टाचारकै आरोप छ। सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ। वाइडबडी, सेक्युरिटी प्रिन्टिङ प्रेस, भन्सार छलेर ल्याइएका मोबाइल निष्क्रिय बनाउने भनिएको 'एमडीएमएस' प्रणाली, टेरामक्स प्रविधि, कोरोना महामारीका बेलामा गरिएको स्वास्थ्य सामग्री खरिदमा पनि भ्रष्टाचारकै आरोप छन्। ललिता निवास, गिरीबन्धु टी इस्टेट, बाँसबारी, बालमन्दिर, नक्कली भुटानी शरणार्थी, शिविर घोटला सबै भ्रष्टाचार काण्डका रूपमा परिचित छन्। विकास आयोजनाहरू समयमा पूरा नहुने त सामान्यजस्तै भइसकेको छ। त्यस्तो स्थितिले सम्बन्धित आयोजनाबाट समयमै पाइनुपर्ने लाभ लिनबाट वञ्चित हुनुपरेको छ। समयसँगै बढ्ने लागतले निर्माण गर्ने आर्थिक भार थपिन्छ। समयमै आयोजना पूरा हुँदा उत्पन्न हुने रोजगारी र पुँजी निर्माणबाट पनि वञ्चित हुनु परिरहेकै छ। अर्कोतर्फ, हरेकजसो ठूला आयोजना वा खरिद भ्रष्टाचारको भुमरीमा परिरहेका छन्। गुणस्तरहीन संरचना वा प्रणालीको जोखिमसँगै भ्रष्टाचार पनि देखिँदा नागरिकमा पनि निराशा बढ्छ। राज्यका प्रणाली, संयन्त्र र कार्यशैलीप्रति नै अविश्वास र आक्रोश जाग्छ। नागरिकको पनि आत्मबल कमजोर बन्छ। मुख्यतः हरेक आयोजना भ्रष्टाचारमा परेपछि देश कसरी उँभो लाग्छ ? पोखरा विमानस्थल निर्माणमा भएको भ्रष्टाचारलाई सन्दर्भमा लिँदै केही पक्षमाथि विमर्श गर्न आवश्यक छ। पहिलो, एउटै आयोजनामा यति धेरै रकमको हानिनोक्सानी पुऱ्याइएको आरोप लागेको छ। त्यसो भए हामीकहाँ विकास आयोजनामा भ्रष्टाचार हुन सहज हुने गरी संरचनागत कमजोरी छन् कि ? कानुनमा छिद्र छन् कि ? वा, प्रशासनिक कामकारबाहीमा त्रुटि हुने ठाउँहरू छन् कि ? किन आयोजनाहरू भ्रष्टाचार उम्रिने मलिलो खेत भइरहेका छन् ? त्यस्ता प्रश्नको जवाफ हाम्रा कानुनी प्रावधानको समीक्षा र सुधारसँग जोडिन्छ।




# जरिबाना नतिर्ने दलले चुनाव लड्न पाएन

● टक नेपाल

निर्वाचन आयोगले तोकेको जरिबाना नतिर्ने राजनीतिक दलको चुनाव लड्नेसम्बन्धी निवेदन खारेज भएको छ।

निर्वाचन आयोगले गत मंसिर १४ गतेसम्म प्रतिनिधिसभा सदस्य निर्वाचन प्रयोजनका लागि दल दर्ताको निवेदन लिएको थियो। जस अन्तर्गत १२० दलले निवेदन दिएका थिए।

१२० वटा दलभित्र निर्वाचन आयोगले समयमै आय-व्यव विवरण नबुझाएका कारण जरिबाना तोकेका ६ वटा राजनीतिक दल समेत थिए।




अखण्ड सुदूरपश्चिम पार्टी नेपाल, संघीय विकासवादी पार्टी नेपाल, गान्धीवादी पार्टी नेपाल, संघीय नेपाल पार्टी, नेपाल मातृभूमि पार्टी र राष्ट्रवादी युवा मोर्चाले आर्थिक वर्ष २०८०/८१ को आय-व्यय विवरण बुझाएका थिएनन्।

यी ६ वटा दलमध्ये एउटाले निर्वाचन प्रयोजनका लागि दिएको दल दर्ताको निवेदन नै फिर्ता लियो। चारवटा दलले अन्य दलसँग संयुक्त चुनाव लड्ने भनेर निवेदन दिए। आयोगले तोकेको जरिबाना पनि तिरे।

तर, अखण्ड सुदूरपश्चिम पार्टीले भने जरिबाना रकम तिरेन। जरिबाना नतिरेपछि आयोगले दल दर्ताको लागि दिएको निवेदन नै खारेज गरिदिएको हो।

निर्वाचन आयोगले २१ फागुनमा तय भएको चुनावमा भाग लिने दलहरूको सूची सार्वजनिक गरिसकेको छ। प्रतिनिधि सभाको निर्वाचनमा प्रत्यक्षतर्फ ११४ दलले भाग लिँदैछन्। समानुपातिक तर्फ भने दल दर्ताको क्रम चलिरहेको छ।

### राप्रपाकी मधेश सांसद

# कञ्चन बिच्छालाई पदबाट नहटाउन सर्वोच्चको आदेश

● टक नेपाल

सर्वोच्च अदालतले मधेश प्रदेशसभा सदस्य कञ्चन बिच्छालाई पदबाट हटाउने निर्णय कार्यान्वयन नगर्न आदेश दिएको छ।

सर्वोच्चका न्यायाधीश बालकृष्ण ढकालको इजलासले बिच्छालाई प्रदेशसभा सदस्यको हैसियतले नियमित कार्य गर्नबाट बञ्चित नगर्नु भनी अन्तरिम आदेश दिएको हो।



सर्वोच्चले उनलाई पदबाट हटाउनु पर्ने भनी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले मधेश प्रदेशसभामा पेश गरेको पत्र कार्यान्वयन नगर्न/नगराउन भनी आदेश समेत दिएको छ।

सर्वोच्च अदालतले उनले पद त्याग नगरेको अनि उनलाई गरिएको अनुशासनको कारबाही कानुन अनुकूल रहे/नरहेको भन्नेबारे पछि परीक्षण हुने भन्दै अहिलेलाई पदमुक्त गर्न नमिल्ने आदेश गरेको हो।

पार्टीको निर्णय विपरीत मधेश प्रदेशमा एमालेका सरोजकुमार यादव नेतृत्वको अघिल्लो सरकारमा मन्त्री नियुक्त भएको भन्दै बिच्छालाई स्पष्टीकरण सोधेको थियो। मन्त्री पदबाट फिर्ता नभएपछि राप्रपाले बिच्छालाई प्रदेश सांसदबाट पदमुक्त गर्न २७ कात्तिकमा सिफारिस गरेको थियो।

संविधानको धारा १६८ को ३ बमोजिमको ठूलो दलको हैसियतमा नेकपा एमालेको सरकार बनेपछि विच्छा पार्टीको नीति विपरीत प्रदेश सरकारमा वन तथा वातावरण मन्त्री बनेकी थिइन्। पद खारेजी विरुद्धको रिटमा मंगलबार सर्वोच्चले दिच्छालाई राहत दिएको छ।



# रक्सौल-काठमाण्डु रेलवेको डीपीआर तयार : रेलमार्गबाट काठमाण्डुको दूरी ३ घण्टामा तय हुने, १३ स्टेशन रहने




टक नेपाल

भारत सरकारको सहयोगमा बिहार राज्यको रक्सौलदेखि नेपालको संघीय राजधानी काठमाण्डुसम्म रेलवे मार्गका लागि डिटेल्ड प्रोजेक्ट रिर्पोट(डीपीआर) तयार भएको छ।

भारत रेलवेका अधिकारीहरुले जनाए अनुसार बिहार राज्यसित जोडिएको क्रसबोर्डर रक्सौल-काठमाण्डु रेल लिंकको लामो यो जनाको डीपीआर तयार भएको छ। निर्माण पूर्व गरिने महत्वपूर्ण कार्य पूरा भएको बताउँदै अधिकारीले सन् २०२६ को पहिलो महिना जनवरीमा डीपीआर हस्तान्तरण गरिने जनाएका छन्।

बिहारको रक्सौलदेखि काठमाण्डुसम्म रेलवेको सोझो सम्पर्क स्थापित हुने अधिकारीहरुले जनाएका छन् । यसले भारत र नेपालबीचको क्रस बार्डर सम्पर्कमा सुधार आउने छ। २५ हजार करोड भारतीय रुपैया बजेट रहेको रेलवे लाईन निर्माणपछि रक्सौलदेखि काठमाण्डुबीचको दूरी ३ घण्टामा सिमित हुनेछ । सडकमार्गबाट रक्सौलदेखि काठमाण्डुको दूरी हाल कम्तीमा ५ घण्टा रहेको छ।

रेलले त्यसलाई ३ घण्टामा सिमितगर्ने भारतीय अधिकारीहरुले जनाएका छन् । डीपीआर तयारीको अन्तिम चरणमा रहेको र जनवरीमा हस्तांतरण हुने बताउँदै अधिकारीहरुले भने, अब चाँडै ट्र्याक लेयिंग कार्यको टेण्डर हुने बताएका छन्। झण्डै ८० प्रतिशत कार्य कोंकन रेलवेले पुरा गरिसकेको अधिकारीहरुले जनाएका छन्।

निर्माण हुन लागेको रेलवे लाईनले भविष्यमा भारतको राजधानी नयाँ दिल्ली र नेपालको राजधानी काठमाण्डु जोड्ने 'दिल्ली -नेपाल ट्रेन सर्भिस'बनाइने छ।यो रेलवेको ठुलो क्षेत्रिय रेल नेटवर्क बन्नेछ। भरत बिहारको जयनगरदेखि -महोत्तरी जिल्लाको भँगहा सम्मको ४५ किलोमिटर लामो रेलमार्ग कौंकनले बनाएको छ।

भारतीय रेलको ईञ्जिन लगायतका कार्यहरु कोंकनले गर्दै आएको छ। प्रस्तावित रेल मार्गले रक्सौल-काठमाण्डुबीच लाग्ने यात्रा समयमा नाटकीय ढंगले कमी ल्याउने बताइएको छ। हाल रक्सौलदेखि काठमाण्डुको मोटरबाट १ सय ३६ किलोमिटर लामो रहेको छ। बस, जीप लगायतका साना सवारीहरुबाट रक्सौलदेखि काठमाण्डु जाने कम्तीमा ५-६ घण्टा लाग्ने गरेको छ । तर रेल मार्गको दूरी १ सय ४१ किलोमिटर हुने डीपीआरमा उल्लेख छ।

सञ्चालन भएपछि त्यो दूरी ३ घण्टामा सहजै पूरा गरिने रेलवे अधिकारीहरुले जनाएका छन् । रक्सौलदेखि काठमाण्डु सम्म कुल १३ रेलवे स्टेशन हुने रेलवेका अधिकारीहरुले बताएका छन्। रेलमार्गमा ४२ किलोमिटर सुरुंग मार्ग र १ सय २४ वटा पुल निर्माण हुने कोंकनका अधिकारीहरुले जनाएका छन्। ब्रोडगेज रेललिकमा १ सय २० किलोमिटर प्रतिघण्टाको द्रूतगतिमा रेल गुडने कौंकनले जनाएको छ।

# सञ्चारमन्त्री खरेलद्वारा
# एनसेल डाटा सेन्टर अवलोकन, सरकारको सहयोगको प्रतिबद्धता

टक नेपाल



सञ्चार, सूचना तथा प्रविधिमन्त्री जगदीश खरेलले सोमबार ललितपुरको नख्खुस्थित एनसेलको इन्टिग्रेटेड डाटा सेन्टरको अवलोकन भ्रमण गरेका छन् । उनलाई एनसेलका अध्यक्ष सतीश लाल आचार्य, प्रमुख कार्यकारी अधिकृत माइकल फोले तथा कम्पनी व्यवस्थापनका अन्य सदस्यहरूले स्वागत गरेका थिए।

अवलोकन भ्रमणपछि बैठकका क्रममा एनसेलका अध्यक्ष र सीईओले मन्त्री खरेललाई कम्पनी, यसका सेवाहरू, अर्थतन्त्रमा पुऱ्याएको योगदान तथा पछिल्लो जेन-जी आन्दोलनको प्रभावबारे जानकारी गराएका थिए । उक्त प्रदर्शनका कारण एनसेललाई करिब ६५ करोड रुपैयाँबराबरमो क्षति पुगेको थियो, जसअन्तर्गत काठमाडौंस्थित मुख्य कार्यालय एनसेल आइकनसहितका संरचनाहरूमा गम्भीर नोक्सानी भएको थियो। मन्त्री खरेलले दूरसञ्चार क्षेत्रको विकासमा एनसेलको भूमिका र राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानको प्रशंसा गरेका छन् । उनले सरकारले आवश्यक सहयोग गने बताए र एनसेललाई सगरमाथा क्षेत्रमा सेवा विस्तार गर्न तथा ग्रामीण भेगका उपभोक्तालाई किफायती मूल्यमा गुणस्तरीय सेवा उपलब्ध गराउने सुनिश्चितता गर्न एनसेललाई सुझाव दिएका छन्।

'जेन-जी आन्दोलनका क्रममा एनसेललाई ६५ करोडबराबरको क्षति भएकोमा हामीलाई दुःख लागेको छ। नेपालमा लगानी, विशेष गरी प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्न अनुकूल वातावरण सिर्जना गर्न सरकार प्रतिबद्ध छ। हामीले लगानी प्रवर्द्धन गर्नुपर्छ। सरकार एनसेलको साथमा छ,' मन्त्री खरेलले भने।

त्यस्तै, उनले विद्यार्थीहरूका लागि एनसेलले ल्याउन लागेको जेन-जी प्याक र हरेक वर्ष १०० जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने कम्पनीको नयाँ पहलको प्रशंसासमेत गरे।

बैठकमा एनसेलका सीईओ फोलेले प्रत्येक वर्ष देशभरबाट माध्यमिक शिक्षा परीक्षा (एसईई)मा सहभागी हुने १०० विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने घोषणा गर्दै यस सामाजिक पहलका लागि १ करोड रुपैयाँको कोष व्यवस्था गर्ने प्रतिबद्धता जनाए। उनले भने, 'सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको सुझाव र युवाहरूलाई सहज रूपमा सेवा उपलब्ध गराउने हाम्रो प्रतिबद्धताअनुसार, विद्यार्थीहरूको सञ्चार सेवासम्बन्धी आवश्यकताहरू पूरा गर्न हामी छिट्टै जेन-जी प्याक सुरु गर्दै छौं।'

फोलेले निरन्तर सेवा दिने एनसेलको अटल प्रतिबद्धता, नयाँ संकल्प र सहनशीलतासहित जारी रहने बताए। सरकारको डिजिटल नेपाल निर्माण गर्ने लक्ष्यलाई एनसेलले निरन्तर साथ दिइरहेको बताउँदै उनले डिजिटलाइजेसन ड्राइभका प्रमुख आधारभूत संरचनामध्ये एनसेलको डाटा सेन्टर एक रहेको बताए।

विगत दुई दशकदेखि एनसेल सूचना तथा सञ्चार प्रविधि क्षेत्रको रूपान्तरण यात्रामा देश र जनतासँगै जनतासँगै काम गर्दै आएको छ। रोजगारी सिर्जना, सामाजिक आर्थिक विकासमा हातेमालोका साथै डिजिटल नेपालको भिजनमा योगदान पुऱ्याउँदै, एनसेल देशको विकास यात्राको अभिन्न हिस्सा रहँदै आएको छ।

नेपालका सबैभन्दा ठूला करदातामध्ये एक एनसेलले गत आर्थिक वर्ष २०८१/८२ सम्ममा कर तथा शुल्क मिलाएर झण्डै ३६० अर्ब रुपैयाँ तिरेको छ। कम्पनीले देशभर प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा करिब १ लाख रोजगारी सिर्जनामा समेत योगदान पुऱ्याएको छ।

आफ्ना सेवाहरूभन्दा बाहिर पनि, एनसेल समाजप्रति योगदान दिन समान रूपमा प्रतिबद्ध रहँदै आएको छ। व्यावसायिक सामाजिक जिम्मेवारीअन्तर्गत एनसेल फाउन्डेसनमार्फत कम्पनीले शिक्षा, वातावरण र स्वास्थ्यलगायतका क्षेत्रहरूमा केन्द्रित सामाजिक परियोजनाहरूमा २ अर्ब रुपैयाँभन्दा बढी लगानी गर्दै संयुक्त राष्ट्रसंघका दिगो विकास लक्ष्य हासिल गर्ने सरकारको प्रयासलाई सहयोग पुऱ्याउँदै आएको छ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# आरजु राणा देउवा कैलाली-५ बाट उम्मेदवार सिफारिस



● टक नेपाल

आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि पूर्वपरराष्ट्रमन्त्री डा. आरजु राणा देउवाको नाम कैलाली-५ बाट सिफारिसमा परेको छ।

नेपाली कांग्रेसको प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिको मंगलबार बसेको बैठकले केन्द्रीय सदस्य राणाको नाम प्रत्यक्षतर्फको उम्मेदवारका लागि जिल्ला कार्यसमिति समक्ष सिफारिस गर्ने निर्णय गरेको हो।

क्षेत्रीय कार्यसमितिले पूर्वमन्त्री राणासँगै डिल्लीराज पन्त, नरनारायण शाह 'मनु' र नृपबहादुर ओडको नाम सिफारिस गर्ने निर्णय गरेको प्रवक्ता प्रदीप पाठकले जानकारी दिए।

प्रत्यक्षतर्फ उम्मेदवारका लागि सिफारिसमा परेका पन्त विघटित प्रतिनिधिसभाका सदस्य हुन्। उनी गत निर्वाचनमा कैलाली-५ बाट नेकपा एमालेका नारदमुनि रानालाई पराजित गर्दै प्रतिनिधि सभा सदस्यमा निर्वाचित भएका थिए।

यस्तै शाह कांग्रेसको सुदूरपश्चिम प्रदेश कार्यसमितिका महामन्त्री हुन्। उनी कांग्रेस कैलालीका पूर्वसभापति पनि हुन्। ओड कांग्रेसका केन्द्रीय सदस्य हुन्। उनी स्थानीय तह निर्वाचन २०७४ मा धनगढी उपमहानगरपालिकाको प्रमुखमा विजयी भएका थिए।

क्षेत्रीय कार्यसमितिले समानुपातिकतर्फ ११ जनाको नाम सिफारिस गर्ने निर्णय गरेको पनि प्रवक्ता पाठकले जानकारी दिए। उनका अनुसार राष्ट्रियसभा सदस्यका लागि रिता भण्डारी, हरिश खड्का र रामचन्द्र ओझाको नाम सिफरिस गरिएको छ।

कांग्रेसले १५ मंसिरमा बसेको केन्द्रीय कार्यसमिति बैठकको निर्णयअनुसार प्रतिनिधिसभाका लागि समनुपातिक र प्रत्यक्षतर्फ तथा राष्ट्रियसभाका लागि उम्मेदवारको नाम सिफारिस गर्न मातहतलाई परिपत्र गरेको थियो।

# बालविवाह : गल्ती गर्ने परिवार र समाज, परिणामको दोष स्वास्थ्यकर्मीमाथि

● टक नेपाल



उनी मात्र १७ वर्षकी थिइन्। सायद कुनै सरकारी कागजात वा प्रमाणपत्र बनेको थिएन होला। तर गर्भमा सात महिनाको बच्चा थियो। उनको गर्भ परीक्षणका लागि सासुले नै लिएर आएको थियो। कानुनले त उनलाई विवाह होइन कुनै किसिमको मञ्जुरिनामा दिने अधिकार समेत दिएको छैन। मैले उनको प्रारम्भिक परीक्षण गरें। रगतको परीक्षण, अल्ट्रासाउन्ड आदिका लागि सिफारिस गरें। उनको उपचार गर्नु बाहेक मसंग धेरै विकल्प थिएन।

नेपालका अस्पताल, स्वास्थ्यचौकी वा बर्थिङ सेन्टरहरूका लागि यस्ता दृश्य नयाँ होइनन्। यी दृश्यहरू कुनै अपवाद होइनन्, नियमित जस्तै छन्। यो बालविवा पछि आएको बाध्यात्म मातृत्वको कहालीलाग्दो अवस्था हो। नेपालमा कानुनले विवाहको न्यूनतम उमेर २० वर्ष तोकेको छ। बालबालिका सम्बन्धी ऐन २०७५ ले १८ वर्ष मुनिको उमेरलाई बालबालिका भनिएको छ। र, आधारभूत स्वास्थ्य, शिक्षा, न्याय लगायतका अन्य धेरै अधिकार सुरक्षित गरेको छ।

मुलुकी अपराध संहिता ऐन २०७४ ले २० वर्ष नपुगी विवाह गरे वा गराए विवाह स्वतः बदर हुने भनेको छ। अझ कसुर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद र ३० हजारसम्म जरिवाना तोकिएको छ। तर व्यवहारमा त्यो लागू भएको देखिँदैन। नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण र सुरक्षा निकायका पछिल्लो तथ्यांकअनुसार-नेपालमा ३६.६ प्रतिशत बालिकाको विवाह १८ वर्ष नपुग्दै हुन्छ। अझ १०.४ प्रतिशत विवाह १५ वर्षभन्दा कम उमेरमै हुने गरेको देखिएको छ। बालविवाह हुने बालकहरूको दर पनि १० प्रतिशत छ। यी हरेक संख्याभित्र एउटा अधुरो बाल्यकाल, पूरा हुन नपाएका शिक्षा र जोखिमपूर्ण मातृत्व लुकेको छ। पछिल्ला वर्षहरूमा सरकारले बालविवाह न्यूनीकरणका लागि नीति, योजना र कार्यक्रमहरू ल्याएको दाबी गर्छ।

तर तथ्यांकले प्रमाणित गर्छ- समस्या केहि घटेको छ, तर अवस्था अझै नाजुक छ। मधेस प्रदेशमा ३४.४३ प्रतिशत, लुम्बिनी प्रदेशमा २६.२३ प्रतिशत, कोशी प्रदशेमा १३.११ प्रतिशत, सुदूरपश्चिममा ११.४८ प्रतिशत, बागमतीमा ४.९२ प्रतिशत, गण्डकीमा ४.९२ प्रतिशत र कर्णालीमा ३.२८ प्रतिशत बालविवाह हुने गरेको छ। देशको सबै भन्दा शिक्षित र शहरी परिवेश भएको काठमाडौं उपत्यकामा पनि १.६४ प्रतिशत बालविवाह हुने गरेको तथ्यांक छ।

यी तथ्यांकले भन्छ- बालविवाह कुनै एक भूगोलको मात्र समस्या होइन। यो गरिबी, अशिक्षा, सामाजिक संरचना र पितृसत्ताको संयुक्त परिणाम हो भन्दा फरक नपर्ला। कोशी प्रदेशमै हेर्ने हो भने शहर र गाउँबीचको अन्तर निकै गहिरो छ। विराटनगर, धरान, इटहरीजस्ता शहरमा अधिकार र चेतनाको कुरा हुन्छ। आफ्नो खुट्टामा आफू उभिएपछि मात्र विवाहको कल्पना गर्छन्। तर केही किलोमिटर भित्र गाउँ पुग्दा, 'छिटै बिहे गरेन भने छोरी बिग्रिन्छन्' भन्ने डर अझै बलियो छ। बालविवाहलाई हामी सांस्कृतिक चलन भनेर टार्न खोज्छौं। किशोरी गर्भावस्थालाई 'परिवारको निजी विषय' भन्छौं। धेरैले बालविवाहलाई 'परम्परा' र धर्मको नाममा बचाउने प्रयास पनि गरेको पाइन्छ। तर हिन्दू शास्त्रले बाल्यअवस्थालाई ब्रह्मचर्य आश्रम भनेको छ। अर्थात बाल्यकाल भनेको पढ्ने, सिक्ने, आत्मविकास गर्ने उमेर हो। विवाह भनेको समझदारी, जिम्मेवारी र सहमतिको सम्बन्ध हो। त्यसैले यो बालिकाबाट अपेक्षा गर्नै सकिँदैन।

वास्तवमा धर्मले होइन, धर्मको गलत व्याख्याले बालविवाहलाई ढाकछोप गर्दै आएको छ। धर्मको सार न्याय, अहिंसा र करुणामै छ। एउटा १४-१५ वर्षकी छोरीलाई अनिच्छुक विवाहमा धकेल्नु परम्परा होइन, अन्याय हो। र हिन्दू दर्शनले अन्यायमा मौन रहनुलाई पाप मान्दछ।

बालविवाहको सबैभन्दा ठूलो जोखिम किशोरी अवस्थामै गर्भवती हुनु हो, जसले सानै उमेरमा जिम्मेवारीको ठूलो बोझ निम्त्याउँछ नै साथै ज्यानै जोखिममा पार्छ। एकातिर शरीर तयार नहुँदा स्वास्थ्यका जटिलताहरू हुन्छन्। गम्भीर एनेमिया, उच्च रक्तचाप, प्रि-इक्लाम्पसिया अनि प्रसवका जटिलताहरू र मातृ मृत्यु दरमा बृद्धि हुने जोखिम उच्च हुन्छ। त्यस्तै नवजात शिशुको तौल कम हुनु, नवजात मृत्यु जस्ता खतरा बढ्ने गर्छन्। यी स्वास्थ्यका जोखिमहरू हुँदाहुँदै किन समाजले आफ्ना छोरीहरूलाई बच्चै हुँदा आमा बन्न बाध्य पार्छ ? बालविवाहका कारण बालबालिकाले पढाइ छोड्नु पर्ने अवस्था आउँछ। उचित शिक्षा नभए राम्रो रोजगार नहुने र यसले सधैंलाई आर्थिक निर्भरता चक्रमा फस्नु पर्ने बाध्यता निम्त्याउछ। यसले घरेलु हिंसालाई बढाउने, मानसिक तनाव थप्ने लगायतका धेरै समाजिक, आर्थिक, मानसिक र शारीरिक पीडा थप्ने गर्छ।

कानुन भएर पनि यसमा सरकार किन असफल भयो त ?

पहिलो कारण- कानुनको भय नहुनु। बालविवाह अपराध हो भनेर कानुन छ। तर अपराध प्रमाणित गर्नुपर्ने बोझ पीडितकै काँधमा छ। कुन चाहिँ किशोरी आफ्ना बाबुआमा, समाज र संस्कारविरुद्ध अदालत जान सक्छ ?

दोस्रो- कार्यक्रम कागजमै सीमित छ। कार्ययोजना बनाइए, कार्यशाला भए, गोष्ठी भए। तर ती कार्यक्रमहरू गाउँको कानसम्म पुगेनन्। टाठा-बाठा एनजिओका सेरोफेरोमा घुमिरहे। विद्यालय छुट्ने क्षणदेखि विवाह तय हुने समयसम्म राज्यको उपस्थिति भएन।

तेस्रो- जवाफदेहिताविहीन संरचना। आर्थिक वर्ष २०८१/०८२ मा देशभर ६१ वटा मात्र बालविवाहका मुद्दा दर्ता भए। तर घटना हजारौं छन्। यो अन्तरले भन्छ- समस्या कम होइन, उजुरी कम भएको हो, घटनालाई दबाइएको हो।

चौथो- बालविवाहलाई एक पक्षबाट हेर्नु। दोष स्वास्थ्यकर्मीहरूको टाउकोमा अनि श्रेय जति समाजिक संस्थाहरूलाई। स्वास्थ्यकर्मीले सकेसम्म ज्यान जोगाउनुपर्छ। तर बालविवाह रोक्ने अधिकार स्वास्थ्यकर्मीको हातमा छैन। नीतिले कारणमा होइन, परिणाममा प्रतिक्रिया दिएको छ।

एउटा सत्य के हो भने- बालविवाह रोक्न नसक्नु सरकारको मात्र असफलता होइन। यो अभिभावकको असफलता हो, जहाँ छोरीको सुखद् भविष्यको चिन्ता भन्दा पनि एउटालाई जिम्मा लगाइहाल्ने हतारो अभिभावकमा बढी हुन्छ। यो समाजको असफलता हो, जहाँ परम्परालाई प्रश्न गर्न डर लाग्छ। यो राजनीतिक असफलता हो, जहाँ भोटभन्दा माथि बालिकाको जीवन उठ्न सक्दैन। र यो सामूहिक मौनताको परिणाम हो, जहाँ सबैले थाहा पाएर पनि 'हाम्रो कुरा होइन' भनेर टार्दै जान्छन्।




बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशकः तुलसामाया कार्की, अध्यक्ष निर्देशकः ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014